# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाण्डौ, असार २० गते, २०७३ साल ( संख्या १३


## भाग ३

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

सूचना ४

मूल्य अभिवृद्धि कर (अठारौं संशोधन) नियमावली, २०७३

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "मूल्य अभिवृद्धि कर (अठारौं संशोधन) नियमावली, २०७३" रहेको छ ।

(२) यो नियमावली संवत् २०७३ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ मा संशोधन : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६ को उपनियम (१) मा ठाउँ ठाउँमा रहेका "दश लाख रुपैयाँ"

भन्ने शब्दहरुको सट्टा "बीस लाख रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन् ।

३. मूल नियमावलीको नियम ७ मा संशोधन : मूल नियमावलीको नियम ७ को उपनियम (१) र (२) को सट्टा देहायका उपनियम (१) र (२) राखिएका छन् :-

"(१) कुनै व्यक्तिको वार्षिक कारोबार वस्तुको हकमा पचास लाख रुपैयाँसम्म र वस्तु तथा सेवा मिश्रित कारोबार र सेवा व्यवसायको हकमा बीस लाख रुपैयाँ नाघ्ने अनुमान गर्न सक्ने अवस्था भएमा त्यस्तो अवस्था खुलाई अनुसूची-१ बमोजिमको ढाँचामा कारोबार दर्ता गर्नको लागि सम्बन्धित कर अधिकृतसमक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुमान गर्न सकिने अवस्था नभै कसैले गरेको कारोबारको रकम वस्तुको हकमा पचास लाख रुपैयाँसम्म र वस्तु तथा सेवा मिश्रित कारोबार र सेवा व्यवसायको हकमा बीस लाख रुपैयाँ नाघ्न गएमा त्यसरी नाघेको मितिले तीस दिनभित्र त्यस्तो कारोबार गर्ने व्यक्तिले अनुसूची-१ बमोजिमको ढाँचामा कारोबार दर्ता गर्नको लागि सम्बन्धित कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।"

४. मूल नियमावलीमा नियम १४ख. थप : मूल नियमावलीको नियम १४क. पछि देहायको नियम १४ख. थपिएको छ :-

"१४ख. कर सहितको मूल्य उल्लेख गर्नु पर्ने : दर्ता भएको व्यक्तिले आफ्नो औद्योगिक प्रदर्शनी कक्ष, बिक्री कक्ष, होटल, रेष्टुरेण्ट, बार, कारोबारस्थल वा आपूर्ति गर्ने स्थानमा राखिएको कर लाग्ने वस्तु वा सेवाको बिक्री मूल्य (ट्याग प्राइस, मेनु प्राइस र सेल्फ प्राइस) मा कर सहितको मूल्य उल्लेख गर्नु पर्नेछ ।"

५. मूल नियमावलीको नियम २६ मा संशोधन : मूल नियमावलीको नियम २६ को,-

(१) उपनियम (१) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

(२) उपनियम (३ख) को सट्टा देहायको उपनियम (३ख) राखिएको छ :-

"(३ख) ईटा उद्योग, छापा, छापा तथा विद्युतीय प्रकाशन एवम् प्रसारण गृहले चाहेमा विभागले विवरण पेश गर्ने अवधि चौमासिक कायम गर्न सक्नेछ ।"

६. मूल नियमावलीको नियम ४३ मा संशोधन : मूल नियमावलीको नियम ४३ को सट्टा देहायको नियम ४३ राखिएको छ :-

"४३. निवेदन दिनु पर्ने : (१) करदाताले करकट्टीको लागि दर्ता भएको पन्ध्र दिनभित्र अनुसूची-१६ बमोजिमको ढाँचामा कर अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन दिंदा देहाय बमोजिमका कागजात संलग्न गर्नु पर्नेछ :-

(क) दर्ता हुँदाका बखत मौज्दात रहेको भए सामानको विवरण,

(ख) दर्ता हुनुभन्दा एकवर्ष अघिसम्मका कर बीजक र प्रज्ञापनपत्र भए तत् सम्बन्धी विवरण,

(ग) अन्य आवश्यक प्रमाण ।

(३) उपनियम (१) बमोजिमको दाबी कर अधिकृतद्वारा स्वीकृत भएमा सम्बन्धित करदाताले नियम ३९ को उपनियम (४) बमोजिम कट्टी गर्न पाउनेछ ।

(४) उपनियम (१) बमोजिमको दाबी गरिएको कर पहिला नै कट्टा गरिएको पाइएमा ऐन र यस नियमावली बमोजिम कर अधिकृतले त्यस्तो करदातालाई कारबाही गर्न सक्नेछ ।"

७. <u>मूल नियमावलीको नियम ५१ मा संशोधन</u> : मूल नियमावलीको नियम ५१ मा रहेका "मूल्य अभिवृद्धि कर कार्यालय" भन्ने शब्दहरुको सट्टा "आन्तरिक राजस्व कार्यालय" भन्ने शब्दहरु राखिएका छन् ।

८. <u>मूल नियमावलीको नियम ५२ मा संशोधन</u> : मूल नियमावलीको नियम ५२ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) ऐन र यस नियमावली बमोजिम वुझाउनु पर्ने कर, दस्तुर र ब्याज करदाताले नियम ३० बमोजिमको म्यादभित्र नबुझाएमा कर अधिकृतले ऐनको दफा २१ बमोजिम बक्यौता कर, दस्तुर, जरिवाना र ब्याज असुल गर्नको लागि सम्पत्ति रोक्का राख्न सक्नेछ ।"

(२) उपनियम (२) मा रहेका "कब्जा वा लिलाम" भन्ने शब्दहरुको सट्टा "रोक्का" भन्ने शब्द राखिएको छ ।

९. <u>खारेजी</u> : मूल नियमावलीको अनुसूची-२० खारेज गरिएको छ ।

आज्ञाले,

**राजन खनाल**

**नेपाल सरकारको सचिव**



मुद्रण विभाग सिंहदरवार काठमाण्डौमा मुद्रित । मुल्य रु १०।-
गो.हु.द.नं. १६।०६२।६३